# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, जेठ २६ गते २०४९ साल (संख्या ९

## भाग ३

### श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाट सुनका गहना र चाँदीका गहना निकासी अभिवृद्धि गर्ने सम्बन्धमा देहायबमोजिम लागू हुने गरी यो आदेश जारी गरेको छ ।

१. नेपालबाट (सुन र चाँदी बाहेक) सुन र चाँदीका गहना बनाइ निकासी गर्न खुल्ला गर्ने ।

२. सुनको गहना निकासी गर्दा न्यूनतम १५ प्रतिशत मूल्य अभिवृद्धि र चाँदीको गहनामा न्यूनतम ३५ प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गर्नु पर्ने ।

३. अर्ध मूल्यवान पत्थरहरू नेपालमा आयात गर्न र नेपालबाट अर्ध मूल्यवान पत्थरहरू सुन, चाँदीका गहना एवं अन्य सामानमा जडान गरी निर्यात गर्न दिने ।

४. नेपाल आएका पर्यटकहरूले आधिकारीक रूपमा विदेशी मुद्रा सटही गरेको प्रमाण देखिएमा सुन र चाँदीबाट निर्मित गहना निकासी (साथमा) गर्न दिने ।

५. यस मन्त्रालयबाट नेपाल राजपत्र भाग ३, खण्ड ३३ मिति २०४०।४।१६ मा प्रकाशित सूचना र भाग ३, खण्ड ३४ अतिरिक्ताङ्क १९ (घ), मिति २०४१।४।१ मा प्रकाशित सूचनाको अनुसूची २ को नं. १ को खण्ड (अ) को (ख) शीर्षकको क्रमसंख्या १ र २ खारेज गरिएको छ ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

# गृह मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२२ बमोजिम विभिन्न अभियोगमा विभिन्न अदालतको फैसलाबाट विभिन्न सजाय ठेकिएका देहायका ३ जनाको भुक्तान हुन बाँकी रहेको सजाय माफी मिन्हा बक्स भएको छ ।

| सिं.नं. | नाम, थर र वतन | अदालत | मुद्दा |
|---|---|---|---|
| १. | ईश्वरीप्रसाद रिजाल, झापा | मोरङ जिल्ला अदालत | फौज्दारी अभियोग |
| २. | विश्वनाथ शाह तेली, बारा | सर्वोच्च अदालत | ज्यान |
| ३. | ज्याउदिन अन्सारी (मिया), सुनसरी । | सुनसरी जिल्ला अदालत । | कुटपिट गरी गर्भ पतन गराएको । |

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको सचिव

962



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# भाग ४

श्री ५ को सरकार

## संचार मन्त्रालयको सूचना

हुलाक सेवा विभाग अन्तर्गतका हुलाक कार्यालयहरूमा रही काम गर्ने कर्मचारीहरूको सार्वजनिक बिदा र पर्व बिदा दिने सम्बन्धको खण्ड ४१ संख्या ११ मिति २०४८।३।१० को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनामा उल्लेख भएका सार्वजनिक बिदामध्ये देहायका पर्व बिदाहरू हटाइएको छ ।

(१) गुरू पूर्णिमाको दिन – १
(२) कुशे औंसीको दिन – १
(३) मातातीर्थ औंसीको दिन – १

३

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड ४१ पूर्वातिरिक्ताङ्क ४८ (क+२) नेपाल राजपत्र भाग ४ मिति २०४८।७।१८ मा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको सूचनामा "(ग) पुनरावेदन अदालत, जनकपुर, धनुषा"को सि.नं. ५ मा "न्यायाधीश श्री दामोदरप्रसाद प्रजापती" हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

९८२



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।